रंगेली नगरपालिका मोरङ्ग द्वारा प्राकाशित

# रंगेली नगरपालिका

# स्थानीय राजपत्र

खण्ड :९ संख्या : ७ मिति : २०८२/०४/२५

## भाग २

# रंगेली नगरपालिका

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ बमोजिम नगरकार्यपालिकाले बनाएको यो कार्यविधि सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

## शैक्षिक सुधार कार्यविधी २०८२

नगरकार्यपालिका बाट स्वीकृत मितिः २०८२/०४/२३

# शैक्षिक सुधार कार्यविधी २०८२

**प्रस्तावनाः-**

प्रत्येक नागरिकमा नैतिकता, सदाचार, सहिष्णुता र मानवीय मूल्यको प्रवर्धन गरी संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास मुलुकको समृद्धि र जनहितका लागि स्थानीय राष्ट्रिय र विश्वव्यापी आवश्यक्तामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस नगरपालिका क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन भई रहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापनमा सुधार गरी स्तरीय शिक्षा तथा जीवनोपयोगी सीपको अवसर वृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ र रंगेली नगरपालिकाको शिक्षा ऐन २०७९ को दफा ५८ ले दिएको अधिकार प्रयोग गरी नगरपालिकाको शिक्षा ऐन २०७९ को दफा ३५ लाई कार्यान्वयन गर्न रंगेली नगरपालिकाको नगर कार्यपालिकाबाटतहगत र विषयगत रुपमा वडा अन्तर सरुवा दरवन्दी मिलानका लागि यो **शैक्षिक सुधार कार्यविधी** बनाई लागू गरिएकोछ ।

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(१) यस ऐनको नाम " **शैक्षिक सुधार कार्यविधी २०८२**"रहेको छ ।

(२) यो कार्यविधी रंगेली नगरपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) यो कार्यविधीस्थानीय राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ ।

२. **परिभाषा** :-विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "**नगरपालिका**"भन्नाले रंगेली नगरपालिका सम्झनु पर्छ ।

(ख) "**कार्यपालिका**"भन्नाले रंगेली नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) "**प्रमुख**"भन्नाले नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(घ) "**शिक्षा समिति**"भन्नाले रंगेली नगरपालिकाको नगर शिक्षा समिति सम्झनु पर्छ ।

(ङ) "**प्रमुख प्रशासकीय अधिकृत**"भन्नाले रंगेली नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(च)"**शिक्षा शाखा**"भन्नाले रंगेली नगर कार्यपालिकाको कार्यालय मातहतको शिक्षा हेर्ने शाखालाई सम्झनु पर्छ ।

(छ)"**शिक्षा अधिकृत**"भन्नाले रंगेली नगरपालिकाको शिक्षा शाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीसम्झनु पर्दछ ।

(ज) "**शैक्षिक सत्र**"भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ

(झ) "**व्यवस्थापन समिति**"भन्नाले विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ञ) "**सामुदायिक विद्यालय**"भन्नाले सरकारबाट नियमित अनुदान पाउने गरी अनुमति/स्वीकृति पाएको विद्यालय सम्झनुपर्छ।

(ट) "**आधारभूत विद्यालय**"भन्नाले प्रारम्भिक वाल विकास कक्षा देखि ८ कक्षा सम्म सञ्चालित विद्यालय र "**माध्यमिक विद्यालय**"भन्नाले प्रारम्भिक वाल विकास देखि कक्षा १० वा १२ सम्म सञ्चालित वा कक्षा ९ देखि १२ सम्म सञ्चालित विद्यालय सम्झनु पर्छ ।

(ठ) "**आधारभूत तह उत्तीर्ण परीक्षा**"भन्नाले आधारभूत तह कक्षा ८ को अन्तमा लिईने परीक्षा र "**माध्यमिक शिक्षा उतिर्ण परिक्षा**"भन्नाले माध्यमिक तह कक्षा १२ को अन्तमा लिइने परीक्षा सम्झनु पर्छ ।

(ड) "**शिक्षक**"भन्नाले विद्यालयमा सिकाई सहजीकरण गर्न नियुक्त अध्यापक सम्झनु पर्छ र सो शव्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(ढ) "**शिक्षण सहयोगी**"भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट तलब भत्ता खाने गरी सिकाइ सहजिकरणका लागि नियुक्त अध्यापक सम्झनुपर्दछ ।

(ण) विशेष परिस्थितिः भन्नाले प्रचलित नगरपालिकाको शिक्षा ऐन २०७९ र शैक्षिक सुधार कार्यविधी २०८२ मा भएको व्यवस्थाले कुनै समस्याको समाधान गर्न नसकेको र सो विषयबाट नगर क्षेत्र भित्र शैक्षिक सुधारमा समस्या उत्पन्न हुने अवस्थालाई विशेष परिस्थितिको अवस्था मानिनेछ ।

३.रंगेली नगरपालिका अन्तरगत संचलित सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा शिक्षण सहयोगी हरुको दरवन्दी मिलान तथा शैक्षिक सुधारका लागि नगरपालिका भित्र अन्तर वडा शिक्षक सरुवा गर्न देहाय वमोजिमको समिति रहनेछः-

(क) नगर कार्यपालिकाको प्रमुख
संयोजक

(ख) नगर कार्यपालिकाको उप प्रमुख
सदस्य

(ग) नगरपालिकाको सामाजिक विकास समितिको संयोजक
सदस्य

(घ) नगपालिकाका प्रमुख प्रशासकीय अधिकृत
सदस्य

(ङ) सामुदायिक विद्यालयको प्रधानाध्यापक /अध्यापकहरु मध्येवाटनगर शिक्षा समितिमा प्रतिनिधित्व गरिरहनु भएका सदस्य सदस्य

(च) शिक्षक महासंघको नगर अध्यक्ष एक जना
सदस्य

(छ) शिक्षा शाखाका प्रमुख सदस्य-सचिव

(१) समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) आवश्यक्ता अनुसार समितिको बैठक समितिको संयोजकको निर्देशनमा सदस्य-सचिवले बोलाउनेछ।

४. समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) सामुदायिक विद्यालमा अध्यापनरत शिक्षक शिक्षण सहयोगीको अन्तर वडा सरुवा सिफारिस गर्ने।

(२) अन्तर वडा सरुवा गर्दा विद्यालयको तह संचालित कक्षा शिक्षकको तह दरवन्दी को यकीन गर्ने/गराउने।

(३) उपदफा २ को तथ्याङ्क यकिन गर्नको लागि विद्यालयको अनुगमन गर्ने वा सम्बन्धित विद्यालयबाट विवरण माग गर्ने/गराउने ।

(४) शैक्षिक सुधारका लागि गर्नु पर्ने कार्यहरु नगर शिक्षा समिति समक्ष सिफारिस गर्ने ।

(५) नगर शिक्षा समिति/ नगर कार्यापलिकाबाट सिफारिस भएका विषयहरु कार्यानवयन गर्ने ।

**५. शैक्षिक सुधार तथा शिक्षक सरुवा सम्वन्धि व्यवस्थाः सामुदायिक विद्यालयमा अध्यापनरत शिक्षकहरुको दरबन्दी मिलान/सरुवा गर्दा देहायका अवस्थामा कुनै पनि शिक्षक सरुवा गर्न सकिने छैन ।**

(१) अवकास हुन १ वर्ष बाँकी भएका शिक्षकहरु।

(२) गर्भवती र १८ महिनासम्मको बच्चा भएका सुत्केरी महिला शिक्षकहरु।

(३) क र ख वर्गका अपाङ्गता परिचय पत्र प्राप्त गरेका वा प्राप्त गर्ने अवस्था भएका शिक्षकहरु।

(४) नेपाल सरकारबाट मासिक रुपमा रु ५०००/- सुविधा पाउने प्रकृतिका दीर्घ रोगी शिक्षकहरु।

(५) आधारभूत तह कक्षा ८ को अन्तिम परीक्षामा मुख्य ५ विषयमा आफूले अध्यापन गरेको विषयमा १०० प्रतिशत नतिजा हासिल गराउने विषयगत शिक्षकहरु।

(६) विशेष परिस्थितिमा शैक्षिक सुधार समन्वय तथा कार्यान्वयन समितिको निर्णयबाट सरुवा गर्न/रोक्न सकिने छ।

६. **जानकारी दिनु पर्नेः** यस कार्यविधि बमोजिम नगरपालिकाले गरेको शिक्षक सरुवाको जानकारी शिक्षा तथा मानव स्रोत विकास केन्द्र रशिक्षा विकास तथा समन्वय इकाइलाई जानकारी दिनुपर्नेछ।

७. **उजुरी/गुनासो** :-शैक्षिक सुधार तथा वडाअन्तर शिक्षक सरुवा सम्बन्धि विषयमा कसैको चित्त नबुझेमासो को गुनासो नगर कार्यपालिकाको कार्यालयमा गर्न सकिनेछ। सो सम्बन्धि अन्तिम निर्णय नगर कार्यपालिकाले गर्नेछ।

८. **प्रचलित कानुन बमोजिम हुने** :- यस कार्यविधिमा उल्लेख भएको विषयमा कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ । यस कार्यविधीमा उल्लेखभएका विषय संघीय तथा प्रदेश कानून बमोजिम बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

९. **बाधा अड्काउ फुकाउः यो कार्यविधी कार्यान्वयनका क्रममा कुनै बाधा उत्पन्न भएमा नगर कार्यपालिकाबाट निर्णय गरी बाधा अड्काउ फुकाउन सकिनेछ ।**

१०. **बचाउः** यो कार्यविधी प्रारम्भ हुनुभन्दा पहिले रंगेली नगरपालिकाबाट भए गरेका दरवन्दि मिलान तथा वडा अन्तर सरुवा यसै बमोजिम भएको मानिनेछ ।

आज्ञाले
प्रदिप शाह
प्रमुख प्रशासकीय अधिकृत